Silver Jubilee YUGAAWHAN NATIONAL DAILY ESTD : 2057 25th RAJAT JAYANTI 2082

कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक

# युगआह्वान

yugnews.com

निष्पक्षता, निर्भिकता, निरन्तरता...

वर्ष: २६ | अंक: १२९ | वि.सं. २०८३ भदौ ५ शुक्रवार | नेपाल संवत: ११४५, श्रावण शुक्ल अष्टमी | Friday 21 August 2026 | yugaawhan@gmail .com | पृष्ठ: ४ | मूल्य: ५ ।-


# तीला कर्णालीमा बन्ने दुई ठुला जलविद्युत आयोजनामा जुट्यो लगानी

कालीकोटको तिला कर्णालीमा नदीमा निर्माण हुने ४२० मेगावाटको तिला-२ र ४४० मेगावाटको तिला-१ जलविद्युत् आयोजनाको वित्तीय व्यवस्थापन भएको छ। दुवै आयोजनामा विभिन्न बैंक तथा वित्तीय संस्थाले ऋण लगानी गर्ने सम्झौता गरेका छन्। वित्तीय व्यवस्थापन पूरा भएसँगै ८६० मेगावाट विद्युत् उत्पादन गर्ने दुई ठूला आयोजना निर्माणको बाटो खुलेको छ।

**ओम शाही**

**सुर्खेत, ४ भदौ ।**

कर्णाली प्रदेशको कालीकोट जिल्ला भएर बग्ने तीला कर्णाली नदीमा निर्माण गरिने दुई ठुला जलविद्युत आयोजनामा लगानी जुटेको छ। उक्त नदीका दुई छुट्टाछुट्टै स्थानमा विकास गरिने आठ सय ६० मेगावाट क्षमताका जलविद्युत आयोजना विकास गर्न प्रवर्द्धक कम्पनीले लगानी जुटाएका हुन्।

सोमबार (१ भदौ) तीन नदीमा बन्ने ४२० मेगावाटको तीला-२ मा प्रवर्द्धक कम्पनीले लगानी सम्झौता गरेसँगै आयोजना निर्माणमा वित्तीय व्यवस्थापनको महत्वपूर्ण पाटोले पूर्णता पाएको छ। ऊर्जा तिला पावर कम्पनीद्वारा प्रवर्द्धित तिला-२ जलविद्युत आयोजनाका लागि एभरेष्ट बैंक लिमिटेडको अगुवाईमा विभिन्न बैंक तथा वित्तीय संस्थाहरूसँग लगानी सम्झौता सम्पन्न भएको हो।

आयोजनामा लगानी गर्ने कन्सोर्टियम बैंकहरूमा सह-अगुवाका रूपमा सानिमा बैंक लिमिटेड छ, भने प्राइम कमर्सियल बैंक लि, एनआईसी एशिया बैंक लि, ग्लोबल आइएमई बैंक लि, को-लिड बैंकको रूपमा छन्। यस्तै, सहभागी बैंकहरूमा सिद्धार्थ बैंक लि, नबिल बैंक लि, नेपाल इन्फ्रास्ट्रक्चर बैंक लि, कृषि विकास बैंक लि, मुक्तिनाथ विकास बैंक लि र कामना सेवा विकास बैंक लि छन्। कालीकोट जिल्लामा निर्माण हुने उक्त आयोजना अन्तर्गत तिलागुफा नगरपालिकामा बाँध तथा खाँडाचक्र नगरपालिकामा विद्युत गृह निर्माण हुनेछ।

यो दैनिक ६ घण्टासम्म पिकिङ अवधारणामा सञ्चालन गर्न सकिने अर्धजलाशययुक्त प्रकृतिको आयोजना हो। आयोजनालाई दैनिक ६ घण्टासम्म विद्युत्को उच्च माग हुने समयमा बढी विद्युत् उत्पादन गर्ने गरी डिजाइन गरिएको छ। अर्थात्, केही समय पानी सञ्चय गरेर विद्युत्को माग बढी हुने समयमा उत्पादन बढाइनेछ। यसले राष्ट्रिय प्रणालीमा विद्युत्को माग व्यवस्थापन गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ।

आयोजनाको कुल लागत ७० अर्ब सात करोड छ। जसमा कुल लागतको ७५ प्रतिशत अर्थात् ५२ अर्ब ५५ करोड बैंक तथा वित्तीय संस्थाबाट ऋणका रूपमा जुटाइनेछ। बाँकी २५ प्रतिशत अर्थात् १७ अर्ब ५२ करोड स्वपुँजीबाट व्यवस्थापन प्रवर्द्धक कम्पनीले जनाएको छ। कम्पनीले आयोजना प्रभावित क्षेत्रका बासिन्दा तथा सर्वसाधारणका लागि २० प्रतिशत शेयरसमेत छुट्याएको छ।

आयोजनाले ७ भदौ २०७५ मा विद्युत विकास विभागबाट विद्युत उत्पादनको अनुमति प्राप्त गरेको थियो, भने ७ कार्तिक २०८१ मा नेपाल विद्युत प्राधिकरणसँग २९६.७४ मेगावाट क्षमताका लागि विद्युत खरिद-बिक्री सम्झौता (पीपीए) सम्पन्न गरेको छ।

आयोजनाको निर्माण सुरु भएको चार वर्षभित्र सम्पन्न गर्ने

बाँकी ३ पेजमा



## तिला-१ मा १३ बैंक तथा वित्तीय संस्थाको लगानी

तिला नदीमै निर्माण हुने ४४० मेगावाटको तिला-१ जलविद्युत् आयोजनाको पनि वित्तीय व्यवस्थापन भएको छ। एससी पावर कम्पनी प्रालि प्रवर्द्धक रहेको आयोजनामा एनएमबी बैंक लिमिटेडको नेतृत्वमा १३ वटा बैंक तथा वित्तीय संस्थाको सहवित्तीयकरणमा ऋण लगानी गर्ने गरी लगानी सम्झौता भएको हो। मंगलबार (२ भदौ) मा भएको सम्झौता अनुसार एनएमबी बैंकले ऋण लगानीको नेतृत्व गरेको छ।


एनएमबीले आयोजनामा १० अर्ब रुपैयाँ लगानी गर्नेछ, भने को-लिड बैंकका रूपमा रहेको ग्लोबल आईएमई बैंकले सात अर्ब लगानी गर्नेछ। यस्तै, हिमालयन बैंकले सात अर्ब र प्रभु बैंकले सात अर्ब लगानी गर्ने गरी वित्तीय व्यवस्थापन भएको छ। यसबाहेक नबिल बैंकले तीन अर्ब, नेपाल इन्फ्रास्ट्रक्चर बैंकले दुई अर्ब, कृषि विकास बैंकले एक अर्ब ५० करोड, साइन रेसुङ्गा विकास बैंकले एक अर्ब ५० करोड, मुक्तिनाथ विकास बैंकले एक अर्ब ५० करोड, साङ्ग्रिला विकास बैंकले एक अर्ब २५ करोड, ज्योति विकास बैंकले एक अर्ब, एनआइसी एसिया बैंकले एक अर्ब र आइसिएफसी फाइनान्स लिमिटेडले ८० करोड रुपैयाँ तीला-१ मा लगानी गर्नेछन्।

आयोजनाको क्षमता कुल ४४० मेगावाटको भए पनि विद्युत् प्राधिकरणले २९८ मेगावाटको मात्रै विद्युत् खरिद सम्झौता (पिपिए) गरेकाले हाल त्यही क्षमतामा निर्माण गर्न वित्तीय व्यवस्थापन गरिएको प्रवर्द्धक एससी पावरले जनाएको छ। बाँकी १४२ मेगावाटको मुख्य संरचना अहिले नै निर्माण गर्ने तर सञ्चालनमा भने पछि ल्याउने प्रवर्द्धक कम्पनीको योजना छ।

यसअनुसार २९८ मेगावाट निर्माणका लागि ५९ अर्ब ४० करोड रुपैयाँ लागत अनुमान गरिएको छ, भने कुल ४४० मेगावाट क्षमता निर्माण गर्न करिब ६९ अर्ब लाग्ने अनुमान छ। हालका लागि सुनिश्चित गरिएको ५९ अर्ब ४० करोड मध्ये १४ अर्ब प्रवर्द्धकहरुले स्वपुँजी लगानी गर्ने र बाँकी पुँजी बैंकहरुको ऋण लगानीबाट जुटाइने छ।

आयोजनाको बाँध तथा मुख्य सुरुङसहितका संरचना भने ४४० मेगावाटकै क्षमतामा निर्माण गरिने छ। बाँकी क्षमताका आवश्यक संरचना अनुमति प्राप्त गरी आवश्यक प्रक्रिया पुऱ्याएर पछि विकास गरिने कम्पनीले जनाएको छ। सम्झौता अनुसार १५ पुस २०८७ मा विद्युत् उत्पादन भई राष्ट्रिय ग्रिडमा समाहित हुने जनाइएको छ। आयोजनाबाट विद्युत् उत्पादन सुरु भएको पहिलो वर्ष नै ११ अर्ब चार करोड रुपैयाँ आम्दानी हुने जनाइएको छ।

# रत्न राजमार्गमा लागुऔषध परीक्षणबाट २५ जनामध्ये ८ जनामा सेवन पुष्टि



**सरला सुवेदी**

**बाँके, ४ भदौं ।**

बाँकेको बैजनाथ गाउँपालिका-१ चिसापानीस्थित रत्न राजमार्गमा गरिएको लागुऔषध परीक्षणका क्रममा २५ जनामध्ये ८ जनामा लागुऔषध सेवन गरेको पाइएको छ। सडक दुर्घटना न्यूनीकरण तथा सुरक्षित सडक यात्रालाई प्रवर्द्धन गर्ने उद्देश्यले जिल्ला ट्राफिक प्रहरी कार्यालय बाँके र इलाका प्रहरी कार्यालय कोहलपुरले संयुक्त रूपमा लागुऔषध परीक्षण अभियान सञ्चालन गरेका हुन्। अभियानमा लुम्बिनी प्रदेश प्रहरी अस्पताल नेपालगन्जले प्राविधिक सहयोग गरेको थियो।

अभियानका क्रममा सार्वजनिक बस, विद्युतीय सवारी, अटो, मोटरसाइकल र स्कुटरका चालक तथा केही यात्रुको मल्टिपल ड्रग टेस्ट किटमार्फत परीक्षण गरिएको जिल्ला ट्राफिक प्रहरी कार्यालय बाँकेका प्रमुख प्रहरी निरीक्षक कनकबहादुर शाहीले जानकारी दिए।

उनका अनुसार परीक्षण गरिएका २५ जनामध्ये ८ जनाको रिपोर्ट लागुऔषध सेवनतर्फ पोजेटिभ देखिएको हो। पोजेटिभ देखिएका व्यक्तिलाई थप अनुसन्धान तथा आवश्यक कानुनी कारबाहीका लागि इलाका प्रहरी कार्यालय कोहलपुरको नियन्त्रणमा राखिएको शाहीले बताए।

'पोजेटिभ देखिएका व्यक्तिहरू लागुऔषध सेवनमा मात्र संलग्न हुन् वा यसको कारोबारमा समेत संलग्न छन् भन्ने विषयमा

बाँकी ३ पेजमा

# सार्वजनिक संस्थानका कर्मचारीलाई सर्तसहित तलबभत्ता

**युग संवाददाता**

**काठमाडौँ, ४ भदौ ।**

अर्थ मन्त्रालयले चालु आर्थिक वर्षको साउन १ गतेदेखि लागू हुने गरी बढाइएको तलबमान, ग्रेड र प्रोत्साहनभत्ता विभिन्न सर्तसहित उपलब्ध गराउन दिशानिर्देश गरेको छ। अर्थमन्त्रीस्तरीय निर्णयअनुसार चारवटा सर्त पूरा गरी सार्वजनिक संस्थान, प्राधिकरण, बोर्ड, निगम तथा समितिका कर्मचारीलाई तलबभत्ता, ग्रेड र प्रोत्साहनभत्ता उपलब्ध गराउन सम्बद्ध पक्षलाई निर्देशन दिइएको छ।

अर्थ मन्त्रालयको वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखाले मन्त्रिपरिषद्को साउन ६ गतेको निर्णयअनुसार साउन १ गतेदेखि लागू हुनेगरी कायम भएको तलबमानअनुसार तह तथा पदअनुसार नयाँ तलबमान निर्धारण गर्न भनेको छ।

प्रोत्साहनभत्ता प्रकृतिको भत्ता प्राप्त गर्दै आएका कर्मचारीको हकमा हाल कायम प्रोत्साहनभत्ताभन्दा कम हुने भएमा कम भएको रकम बराबरको भत्ता मात्र प्रदान गर्न भनिएको छ। कार्यसम्पादन सूचकका आधारमा दिइने प्रोत्साहनभत्ताको व्यवस्था क्रमशः कार्यान्वयनमा लैजान पनि आग्रह गरिएको छ। 'हाल खाईपाई आएको ग्रेडभन्दा निजामती सेवातर्फ लागू भएको नयाँ ग्रेडदर कम भएमा मात्र सोही बराबर हुने गरी नयाँ ग्रेड निर्धारण गर्न' आग्रह गरिएको छ।


GANGAMALA TRAVELS & TOUR PVT. LTD

CAR WASH

Birendranagar-12, Surkhet

gttpvt@gmail.com

9851329169, 9858052810



● MINI BUS ● JEEP/CAR

● EV VAN ● SUMO JEEP

## सम्पादकीय....

# भेरी पम्पिङमा उल्झन आउन नदेऊ !

संघीयता कार्यान्वयनपछि तीनै तहका सरकारको लागत साझेदारीमा अघि बढिरहेको भेरी लिफ्ट खानेपानी आयोजना महत्वपूर्ण चरणमा पुगेका बेला यसको दोस्रो प्याकेजको खरिद प्रक्रिया रद्द हुनु चिन्ताको विषय हो । विश्व बैंकले विद्युतीय खरिद प्रणाली (ई-जीपी) को विश्वसनीयतामाथि प्रश्न उठाउँदै पुनः बोलपत्र आह्वान गर्न सिफारिस गरेको घटनाले एउटा खानेपानी आयोजनाको ठेक्का प्रक्रियामा मात्र होइन, सार्वजनिक खरिद प्रणालीको विश्वसनीयतामाथी नै गम्भीर प्रश्न उठाएको छ । विश्व बैंकले भेरी पम्पिङको जारी खरिद प्रक्रियामा प्रत्यक्ष अनियमितता भएको निष्कर्ष निकालेको होइन । तर, बोलपत्र पेश र मूल्याङ्कनमा प्रयोग भएको प्रणालीको सुरक्षा र विश्वसनीयतामाथि प्रश्न उठिसकेपछि प्रतिस्पर्धाको निष्पक्षता सुनिश्चित गर्न पुरानो प्रक्रिया रद्द गरी नयाँ प्रक्रियामा जानुपर्ने निष्कर्षमा पुगेको हो । यो विषयलाई सरकारले सामान्य प्राविधिक समस्या ठानेर पन्छाउनु हुँदैन । गत वैशाखमा सरकारी ई-जीपी प्रणालीमा अनधिकृत प्रवेश गरी बोलपत्रका विवरण हेरफेर गरेको आरोपमा निर्माण व्यवसायीसमेत रहेका राप्रपा नेता विक्रम पाण्डेलगायत व्यक्ति पक्राउ परेको घटनाले प्रणालीको सुरक्षामाथि प्रश्न उठाइसकेको थियो ।

आर्थिक प्रस्ताव खोल्नुअघि नै प्रणालीमा प्रवेश गरी कागजातमा हेरफेर गरिएको अनुसन्धानबाट खुलेको भनिएको घटनापछि पनि सरकारले ई-जीपीको सुरक्षा र विश्वसनीयता मजबुत बनाउन सकेन भने त्यसको प्रत्यक्ष असर विकास आयोजनामा पर्नु स्वाभाविक हो ।  विश्व बैंकले ७ अगस्ट २०२६ मा अर्थ मन्त्रालयलाई पठाएको पत्रमा खरिद प्रक्रियाको निष्ठा, पारदर्शिता र निष्पक्षताप्रति विश्वस्त हुन नसकेको जनाएको छ । यसलाई सरकारका लागि गम्भीर चेतावनीका रूपमा लिनुपर्छ । सार्वजनिक खरिदमा प्रतिस्पर्धा, समान अवसर र पारदर्शिता कायम हुन नसके विकास आयोजनामा लागत बढ्ने, समय लम्बिने र सार्वजनिक स्रोतको दुरुपयोग हुने जोखिम रहन्छ । वीरेन्द्रनगरको बढ्दो जनसंख्यालाई दीर्घकालिन खानेपानी उपलब्ध गराउने उद्देश्यले अघि बढिरहेको यो आयोजना आफैंमा अत्यन्त महत्वपूर्ण छ । भेरी नदीबाट प्रतिसेकेन्ड ५६० लिटर पानी लिफ्ट गरी उपत्यकाका घरधुरीमा पुऱ्याउने लक्ष्य राखिएको आयोजनाको हालसम्म करिब ४० प्रतिशत भौतिक प्रगति भएको छ । संघको ८०, प्रदेशको १३ र वीरेन्द्रनगर नगरपालिकाको सात प्रतिशत लागत साझेदारीमा अघि बढिरहेको आयोजनामा एउटा प्याकेजको खरिद प्रक्रिया अवरुद्ध हुँदा समग्र आयोजनाको समयतालिका प्रभावित हुने सम्भावना छ ।

अब सरकारले विश्व बैंकको सुझावअनुसार नयाँ खरिद प्रक्रिया तत्काल अघि बढाउनुपर्छ । हार्डकपीमार्फत बोलपत्र बुझाउने व्यवस्थासँगै ई-जीपी प्रणालीको कमजोरी पहिचान गरी त्यसको सुरक्षा पनि तत्काल सुदृढ गर्नुपर्छ । प्रविधिमाथीको अविश्वासको समाधान प्रविधि त्याग्नु होइन, त्यसलाई सुरक्षित र विश्वसनीय बनाउनु हो । भेरी पम्पिङ खानेपानी आयोजना ढिलाइको अर्को शिकार बन्नु हुँदैन । जनताको खानेपानी आवश्यकतासँग प्रत्यक्ष जोडिएको आयोजनामा खरिद प्रक्रियाको पारदर्शिता र समयमै कार्यान्वयन दुवै उत्तिकै आवश्यक छन् । सरकार र सम्बन्धित निकायले यस घटनाबाट पाठ सिकेर सार्वजनिक खरिद प्रणालीप्रतिको विश्वास पुनःस्थापित गर्न ठोस कदम चाल्नुपर्छ । अर्को महत्वपूर्ण विषय सरकारले प्रयोग गर्ने आधिकारिक बेवसाइटमा अनाधिकृत व्यक्तिको सजिलै पहुँच स्थापित गराउन राज्यका कर्मचारीतन्त्रले कतिसम्मको बदमासी गर्दा रहेछन् भन्ने तथ्य उजागर भएको छ । यो घटनाबाट पाठ सिकेर सरकारले अब उप्रान्त यस्ता गल्ती दोहोरिन नदिन बलियो संयत्र निर्माण गर्न आवश्यक छ ।

## पहाडी क्षेत्रमा जलसञ्चयः

# स्थानीय विकासको आधार



डा चेतनाथ कणेल

नेपाल जलस्रोतमा धनी देश हो भन्ने कुरा हामीले पुस्तौंदेखि सुन्दै आएका छौं तर पानीको स्रोत हुनु र आवश्यक परेका समयमा आवश्यक ठाउँमा पानी उपलब्ध हुनु एउटै कुरा होइन । पछिल्ला वर्षमा जलवायु परिवर्तनका कारण हाम्रो जलचक्रमा तीव्र परिवर्तन भइरहेको छ । बढ्दो तापक्रम, अनियमित वर्षा, लामो खडेरी, पानीका मुहान सुक्नेक्रम र हिमाली क्षेत्रमा समयमा हिउँ नपर्ने समस्याले नेपालका पहाडी तथा हिमाली बस्तीको भविष्यप्रति गम्भीर प्रश्न खडा गरेको छ । यस्तो अवस्थामा अब पानीको संरक्षण र जलसञ्चयलाई स्थानीय तहको विकासको एउटा प्रमुख आधार नबनाई सुखै छैन ।

जलवायु परिवर्तनका असर हामीले समाचारमा मात्र होइन, आफ्नै गाउँघर र वरिपरिको प्रकृतिमा देख्न थालेका छौं । गर्मी बढ्दै गएको छ । पानीका परम्परागत मुहान सुक्दै छन् । वर्षायाममा पनि पानी पर्नेक्रम कतिपय ठाउँमा घटेको छ भने पानी पर्दा एकैपटक ठूलोमात्रामा पर्ने र त्यसपछि लामो समयसम्म पानी नपर्ने प्रवृत्ति बढिरहेको छ । एकातिर आकस्मिक बाढी र पहिरोको जोखिम बढेको छ भने अर्कोतिर लामो खडेरी र सुक्खाको समस्या गहिरिँदै गएको छ । हिउँले सेताम्मे हुनुपर्ने पहाड तथा हिमाली क्षेत्र पनि समयमा हिउँ नपर्दा वा कम हिउँपर्दा 'काला पहाड'मा परिणत हुँदै गएका दृश्य असामान्य लाग्न छाडेका छन् । समग्रमा जलवायुजन्य समस्या बर्सेनि थपिँदै गएको छ ।

यसको प्रत्यक्ष असर मानव जीवनमा परेको छ । पानीका मुहान सुक्दा बस्ती नै छोडेर अन्यत्र जानुपर्ने अवस्था सिर्जना भइरहेको छ । समयमा खेतीपाती लगाउन नपाउँदा उत्पादन घट्ने, खाद्य सङ्कट निम्तिने र अनिकाल तथा भोकमरीका दुःखद् कथा बढ्ने सम्भावना छ । पशुपालन, वनस्पति, वन्यजन्तु र समग्र जैविक प्रणाली अर्थात् पारिस्थितिकीय प्रणाली (इकोलोजिकल सिस्टम) पनि पानीको अभावबाट प्रभावित हुँदैछन् । त्यसैले जलवायु परिवर्तनसँग जुध्ने स्थानीय अनुकूलनको पहिलो आधारमध्ये पानी व्यवस्थापनलाई लिनुपर्छ भन्ने तर्क आजभोलि झन् प्रखर बन्दै गइरहेको छ ।

**जलसञ्चय अभियान**

हामीले अब बगेर खेर जाने पानीलाई सकेसम्म रोक्नुपर्छ । वर्षायाममा आउने पानीलाई हिउँदयामका लागि सञ्चित गर्नुपर्छ । यसको एउटा सरल, स्थानीय र व्यावहारिक उपाय पहाडी क्षेत्रमा कृत्रिम ताल, पोखरी, कुण्ड तथा साना जलाशय निर्माण गर्नु हो । यस्ता संरचनाले तत्काल खानेपानीको आवश्यकता पूरा गर्ने मात्र होइन, जमिनमा चिस्यान कायम राख्न, भुजल पुनर्भरण (रिचार्ज) गर्न, वनस्पति र घाँसे मैदानलाई हरियो राख्न तथा स्थानीय वातावरणलाई सन्तुलित बनाउन सहयोग पुऱ्याउँछन् ।

केही पालिकाहरूले यस दिशामा काम गरेर उदाहरण प्रस्तुत गरिसकेका छन् । तर पोखरी निर्माण र जलस्रोत संरक्षणले अझै पनि स्थानीय तथा राष्ट्रिय विकासको अपेक्षित प्राथमिकता पाउन सकेको छैन । अब हरेक प्रदेश र पालिकाले आफ्नो भौगोलिक अवस्था, पानीको उपलब्धता र स्थानीय आवश्यकताका आधारमा जलसञ्चयको दीर्घकालीन योजना बनाउन आवश्यक छ । पोखरी संरक्षण, नयाँ पोखरी निर्माण, पुराना कुलो तथा धाराको पुनर्जीवन, सिमसार क्षेत्रको संरक्षण र वर्षाको पानी सङ्कलनलाई एउटै अभियानका रूपमा अघि बढाउनुपर्छ ।

म भर्खरै मुस्ताङबाट फर्केको छु । जोमसोम तथा मुक्तिनाथ वरिपरि ३६० डिग्रीमा फर्केर हेर्दा एउटा कुरा निकै स्पष्ट देखिन्छ मुस्ताङलाई 'सुक्खा जिल्ला'का रूपमा मात्र हेरेर बस्ने होइन, उपलब्ध पानी तथा चिस्यानलाई कसरी जोगाउने भन्ने सोच विकास गर्न सकियो भने त्यहाँका धेरै भूभागमा हरियाली विस्तार गर्न सकिन्छ । उदाहरणका लागि कागबेनीबाट पारिपट्टि हेर्दा एउटा स्थानमा सीमित मात्रामा भए पनि पानीको उपलब्धता र सम्भावना देखिन्छ । वर्षाका बेला त्यहाँ भल बग्छ, हिउँदमा केही हिउँ पनि पर्छ । त्यो पानी र हिउँलाई जोगाएर राख्ने पद्दति विकास गर्न सकियो भने अहिले देखिएको हरियालीको क्षेत्र र अवधि दुवै बढाउन सकिने सम्भावना देखिन्छ ।

कागबेनीपारिको त्यो स्थान एउटा सानो उदाहरण मात्र हो । मुक्तिनाथ जाने बाटोको 'सेल्फीडाँडा' वरिपरि, लुप्रा गाउँ जाने बाटोको तल रहेको पाण्डा खोली किनार तथा लुप्रामाथि मुक्तिनाथतर्फ पैदल जाने बाटोछेउका चरन क्षेत्र र सुन्दर पाटनमा पनि स्थानीय भूगोल अनुकूल कृत्रिम ताल वा कुण्ड निर्माणको सम्भावना खोज्न सकिन्छ । यस्ता जलाशय निर्माण गर्दा ठूलो र खर्चिलो आयोजना नै चाहिन्छ भन्ने छैन । स्थानीय सामग्री, श्रम र भूगोलको उपयोग गरेर साना-साना जलाशयहरूको सञ्जाल (वेटल्यान्ड नेटवर्क) बनाउन सकिन्छ । एउटै ठूलो पोखरीभन्दा ठाउँअनुसार बनाइएका धेरै साना पोखरीले पनि दीर्घकालीन रूपमा ठूलो योगदान दिन सक्छन् भन्ने कुरा भारतलगायत अन्य देशका उदाहरणहरूले देखाएका छन् ।

मुस्ताङको दृष्टान्तलाई अन्य पहाडी तथा हिमाली जिल्लामा पनि विस्तार गर्न सकिन्छ । जहाँ वर्षाको पानी तीव्र गतिमा बगेर जान्छ, त्यहाँ सम्भाव्यता अध्ययन गरेर पानी रोक्ने संरचना (ढुङ्गे ड्यामहरू) बनाउन सकिन्छ । चरन क्षेत्र, पाटन, वनक्षेत्र र बस्ती आसपासमा आवश्यकताअनुसार पोखरी तथा कुण्ड निर्माण गर्न सकिन्छ । यसले पानीको उपलब्धता बढाउनुका साथै स्थानीय वनस्पति, पशुपालन र समग्र जैविक विविधता तथा 'इकोसिस्टम' को विकास एवम् संरक्षणमा पनि योगदान पुऱ्याउँछ ।

**अब 'पोखरी दशक'को सङ्कल्प**

माथिको छलफल र दृष्टान्तका आधारमा नेपालमा अबको दशकलाई 'पोखरी दशक' का रूपमा अघि बढाउने हो कि भन्ने विषयमा गम्भीर बहस गर्नुपर्ने बेला आएको महसुस भएको छ । स्थानीय अनुकूलन कार्यक्रम, जलवायुमैत्री विकास तथा जलवायुजन्य विपद् बाट मुक्ति पाउने अभियानलाई जलसञ्चयसँग जोड्नु अपरिहार्य छ । पहाड र हिमाली क्षेत्रमा मात्र होइन, चुरे, भावर र मधेस-तराई क्षेत्रमा पनि ताल, पोखरी, कुण्ड तथा सिमसार निर्माण र संरक्षणको अभियान चलाउन आवश्यक छ । तराईका ट्युबवेल र इनारमा पानीको सतह घटेको, कतिपय ठाउँमा सुक्दै गएका समाचार हामी नियमित सुन्दै र पढ्दै आएका छौं । यसको दीर्घकालीन समाधानमध्ये भूमिगत पानीको पुनर्भरण र वर्षाको पानी संरक्षण अत्यन्त महत्वपूर्ण र व्यावहारिक उपाय हो ।

सरकारी कार्यक्रमलाई पनि यही दिशामा पुनःसंरचना गर्न सकिन्छ । प्रधानमन्त्री रोजगार कार्यक्रमअन्तर्गत झारपात उखेलेर, सडक बढारेर वा क्षणिक प्रकृतिका काममा मात्र श्रम खर्च गर्नुभन्दा पछिल्ला पुस्तासमेत लाभान्वित हुने जलसञ्चयका संरचना निर्माणमा जनशक्ति परिचालन गर्नु बढी समसामयिक र दूरदर्शी हुनसक्छ । पोखरी खन्ने, पुराना पोखरी पुनर्जीवन गर्ने, जलाधार संरक्षण गर्ने, सिमसार क्षेत्र विस्तार गर्ने र पानीका मुहान संरक्षण गर्ने कामलाई रोजगार तथा विकास कार्यक्रमसँग जोड्नसक्ने प्रशस्त सम्भावना छ ।

यस अभियानमा पालिका र प्रदेशबीच स्वस्थ प्रतिस्पर्धासमेत गराउन सकिन्छ । कुन पालिकाले आफ्नो भूगोलअनुसार बढी प्रभावकारी पोखरी निर्माण गऱ्यो ? कहाँ सुकिसकेको मुहान पुनर्जीवित भयो ? कुन पालिकाले बढी क्षेत्रफलमा सिमसार संरक्षण गऱ्यो ? कुन प्रदेशले पानी संरक्षणबाट कृषि, वन र जैविक विविधतामा उल्लेखनीय सुधार ल्यायो ? यस्ता सूचकका आधारमा उत्कृष्ट पालिका र प्रदेशलाई प्रोत्साहन गर्ने व्यवस्था गर्न सकिन्छ ।

विश्व अनुभवले भन्छ, स्रोत व्यवस्थापनको पहिलो आधार नै पानी व्यवस्थापन हो । पानी प्राप्ति र पानीको संरक्षणविना विकासका अन्य धेरै प्रयास अधुरा हुन्छन्, असम्भव हुन्छन् । हाम्रो इतिहाससमेत पानीसँग जोडिएको छ । पानीकै खोजीमा हाम्रा बाजे-बराजु कोही पूर्वबाट पश्चिमतर्फ, कोही पश्चिमबाट पूर्वतर्फ, कोही उत्तरबाट दक्षिणतर्फ सरे । पानी, उर्वर भूमि र जीवनको सम्भावना खोज्दै भएका त्यस्ता बसाइँसराइले नै आज हामीलाई विभिन्न भूगोल, संस्कृति र विविध पहिचानले चिनाएको यथार्थ कसैले नकार्न सक्दैन ।

**निष्कर्ष**

अब हाम्रा सन्ततिले पानीको खोजीमा आफ्नै थातथलो छोडेर हिँड्नुपर्ने अवस्था नआओस् । त्यसका लागि आजैदेखि पानीको सम्मान, संरक्षण र सञ्चय गर्नुपर्छ । बगेर जाने पानीलाई रोकौं, सुक्दै गरेका मुहानलाई जोगाऔं, पोखरी र कुण्ड बनाऔं, सिमसार क्षेत्र विस्तार गरौं र हाम्रा डाँडाकाँडा तथा पाखापखेरालाई चिस्यानयुक्त र हरितमय बनाऔं । यही हरित वातावरणमा नै धेरै कुरा सम्भव छ । पर्यटनको अपार सम्भावना यसमै लुकेको छ । समग्रमा, 'हरित अर्थतन्त्र' पनि यसमै जाग्नेछ, टिक्नेछ ।

जलवायु परिवर्तन रोक्ने विश्वव्यापी वा राष्ट्रव्यापी प्रयास सानै स्तरबाट भए पनि पालिकापालिका र वडावडाबाट जोडतोडका साथ थालिनु आवश्यक छ । तर त्यससँगै यी स्थानीय तहमा जलवायु परिवर्तनका असर सामना गर्ने क्षमता बढाउनु पनि उत्तिकै आवश्यक छ । त्यसको सुरुआत पानीबाट गरौं । हरेक पालिकाले जलसञ्चयको योजना बनाओस्, हरेक प्रदेशले त्यसलाई अभियानका रूपमा अघि बढाओस् र नेपालले आगामी दशकलाई ' पोखरी दशक' घोषणा गरी कार्यान्वयन गरोस् । समय घर्किसकेको छ । भोलि मुहान सुकिसकेपछि पोखरी खोज्नुको अर्थ हुँदैन । आज पानी बगिरहेको छ, आजै त्यसलाई जोगाउनुपर्छ । हाम्रा बस्ती, खेती, वन, वन्यजन्तु र भावी पुस्ताको भविष्य पानीसँग जोडिएको छ । सबैलाई चेतना भया । *(लेखक : स्रोत व्यवस्थापन तथा पर्यटन विशेषज्ञ हुन्)*

## विश्व

# आलमगीर राष्ट्रपति बन्ने सम्भावना

**ढाका, ४ भदौ ।**

बङ्गलादेशको संसद्ले बिहीबार नयाँ राष्ट्रपति चयन गर्दैछ । सत्तारूढ बङ्गलादेश नेसनलिस्ट पार्टी (बिएनपी) का महासचिव तथा स्थानीय सरकारमन्त्री मिर्जा फखरूल इस्लाम आलमगीर पाँच वर्षे कार्यकालका लागि देशको २३औं राष्ट्रपति बन्ने सम्भावना छ । अठहत्तर वर्षीय आलमगीरले १७ करोड जनसङ्ख्या भएको बङ्गलादेशको राष्ट्रपतिका लागि दिउँसो हुने मतदानमा सहज विजय हासिल गर्ने अपेक्षा गरिएको छ । उहाँले मङ्गलबार आफूले राष्ट्रपतिको जिम्मेवारी पाउने कहिल्यै नसोचेको बताउँदै यसलाई पार्टी र सर्वशक्तिमान् अल्लाहको कृपाका रूपमा लिएका थिए ।

उनले राष्ट्रपति बनेपछि पनि जनताको साथमा रहेर सेवा गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए । सन् २०२४ को जनआन्दोलनबाट तत्कालीन प्रधानमन्त्री शेख हसिनाको सरकार अपदस्थ भएपछि भएको पहिलो आमनिर्वाचनमा प्रधानमन्त्री तारिक रहमान नेतृत्वको बिएनपीले गत फेब्रुअरीमा ठूलो विजय हासिल गरेको थियो । त्यसपछि हसिनाका निकट सहयोगीका रूपमा चिनिनुभएका पूर्वराष्ट्रपति मोहम्मद साहाबुद्दिनले पदबाट राजीनामा दिएपछि नयाँ राष्ट्रपति चयन गर्न लागिएको हो ।

छयत्तर वर्षीय साहाबुद्दिनले खराब स्वास्थ्यलाई कारण देखाउँदै जुलाईमा राजीनामा दिएका थिए । उनका सन् २०२३ मा राष्ट्रपतिमा निर्वाचित हुनुभएको थियो र सन् २०२८ को अन्त्यसम्म कार्यकाल बाँकी थियो ।

हसिना अहिले भारतमा बस्दै आउनुभएको छ । उहाँले ढाकामा आफूविरुद्ध चलेको मुद्दामा उपस्थित हुन अस्वीकार गरेका थिए थियो । गत नोभेम्बरमा अदालतले उनलाई मानवताविरुद्धको अपराधमा दोषी ठहर गर्दै मृत्युदण्डको फैसला सुनाएको थियो । अधिकारवादी संस्थाहरूले हसिना नेतृत्वको सरकारमाथि विपक्षीको हत्या, राजनीतिक दमन, न्यायिक प्रक्रियामा हस्तक्षेप र एकतर्फी निर्वाचनलगायतका आरोप लगाउँदै आएका थिए ।

आलमगीरको प्रतिस्पर्धा जमात-ए-इस्लामीको नेतृत्वमा रहेको ११ दलीय विपक्षी गठबन्धनका तर्फबाट उम्मेदवार बन्नुभएका ओली अहमदसँग हुँदैछ । संसद्मा मतदान स्थानीय समयअनुसार दिउँसो करिब २ बजे सुरु हुने अपेक्षा गरिएको छ ।

**लामो राजनीतिक यात्रा**

२६ जनवरी १९४८ मा जन्मिनुभएका आलमगीरले ढाका विश्वविद्यालयमा अर्थशास्त्र अध्ययन गर्ने क्रममा विद्यार्थी राजनीतिबाट राजनीतिक यात्रा सुरु गरेका थिए । सन् १९६९ मा पाकिस्तानको सैन्य शासनविरुद्ध भएको आन्दोलनमा उनका प्रमुख विद्यार्थी नेतामध्ये एक थिए । उक्त आन्दोलन

बाँकी ४ पेजमा

## महत्वपूर्ण टेलिफोन नम्बर

| | |
|---|---|
| **एम्बुलेन्स** | |
| एम्बुलेन्स (नेपाल रेडक्रस) | : ०८३-५२०३१० |
| एम्बुलेन्स (वीरेन्द्रनगर सहकारी) | : ९८४८०२०८६७ |
| एम्बुलेन्स (भू.पू. सैनिक कल्याणकारी समिति) | : ९८२२४११५८६ |
| शव वाहन | : ०८३-५२४२३६/९८५८०४३६०० |
| जिल्ला प्रहरी कार्यालय | : १००, ०८३-५२०२२२ |
| जिल्ला ट्राफिक कार्यालय | : ०८३-५२५४९६ |
| विद्यूत फ्यूज सेवा | :०८३-५२०२६७/५२०२६५ |
| महिला तथा बाल हेल्पलाइन | : १०९८ |
| **विमान स्थल** | |
| सुर्खेत | : ०८३-५२१९४५/५२५२१९ |
| जुम्ला | : ०८७-५२०१९० |
| मुगु ताल्चा : | |
| हुम्ला | : ०८७-६८००८० |
| डोल्पा | : ०८७-५५१०१९ |
| चौरजहारी (पश्चिम रुकुम) | : ०८८-४०१०४८ |
| नेपालगन्ज | : ०८१-५६५२०५ |
| **दमकल** | |
| वीरेन्द्रनगर न.पा. : | : १०१ |
| भेरीगंगा न.पा. | : ०८३-५४०११०, ९८५८०५१०५७ |
| नारायण न.पा. | : ०८९-४१०२०१ |
| **अस्पताल** | |
| दैलेख जिल्ला अस्पताल | : ०८९-४१०११७ |
| प्रदेश अस्पताल सुर्खेत | : ०८३-५२३२०० |
| सुर्खेत हस्पिटल प्रा.लि. | : ०८३-५२५४१७ |
| माया नर्सिङ्ग होम प्रा.लि. | : ०८३-५२१४३०, ५२५४३० |
| एम्बुलेन्स (माया नर्सिङ्ग होम) | : ०८३-५२१४३० |
| एम्बुलेन्स (देउती नर्सिङ्ग होम) | : ०८३-५२०५२८ |
| एम्बुलेन्स (स्वास्थ्यकर्मी संघ) | : ९८४४८३५६६६ |
| एम्बुलेन्स (नेपाल अर्बुद रोग निवारण संस्था) | : ९८६८११६०५२ |
| जाजरकोट अपस्ताल | : ०८९-४३०१२० |
| जिल्ला अस्पताल डोल्पा | : ०८७-५५०१११ |
| जिल्ला अस्पताल मुगु | : ०८७-४६०१६२ |

## आजको राशिफल

| राशि | फल | राशि | फल |
|---|---|---|---|
| मेष | शारीरिक कमजोरीले चिन्ता बढाउन सक्छ । अरूका लागि समय, धन र बुद्धि खर्चनुपर्ला । श्रमको उचित मूल्यांकन भए पनि प्रतिफलका लागि समय पर्खनुपर्नेछ । | तुला | आत्मविश्वासको कमीले पछि परिएला । समयमा वचन पुर्याउन नसक्ता आलोचित भइनेछ । द्विविधा बढ्नाले निर्णायक क्षमता कमजोर बन्नेछ । |
| वृष | परिवारजनको साथले नयाँ आशा जगाउनेछ । मन मिल्ने साथी भेटिनुका साथै प्रेम र मित्रताको बन्धन कसिलो हुनेछ । | वृश्चिक | पहिलेको सफलताले महत्त्वाकांक्षा बढाए पनि काम गर्न नसकिएला । हठात् निर्णय गर्दा समस्या देखिन सक्छ । खानपान र भेटघाटको अलमलले बाधा पुग्न सक्छ । |
| मिथुन | हिम्मत गर्दा जटिल काम समेत सम्पादन हुनेछ । पुरुषार्थद्वारा प्रतिस्पर्धीहरूलाई पछि पार्न सकिनेछ । पहिले दुश्मनी गर्नेहरूले पनि मित्रताका हात अघि बढाउनेछन् । | धनु | आकस्मिक खर्चले अर्थ अभाव देखापर्न सक्छ । आफन्तबाट टाढिनुपर्ला । व्यवसायमा लगानी बढाउनुपर्ने परिस्थिति आउन सक्छ । |
| कर्कट | अध्ययनमा राम्रो उपलब्धि प्राप्त हुनेछ । बौद्धिक प्रतिस्पर्धामा विजयी भइनेछ। प्रतिष्ठित काम सम्पादन गर्ने मौका छ । फाइदाको स्रोत पहिल्याउन सकिनेछ । | मकर | प्रयत्न गर्दा आयस्रोत बढाउन सकिनेछ । व्यापारमा अड्किएको रकम उठ्नेछ । भविष्यका लागि केही लगानी बढाउन सकिनेछ । |
| सिंह | परिस्थितिअनुसार चल्न नसक्ता दुःख पाइनेछ । विश्वासपात्रबाट धोका हुन सक्छ, सजग रहनुहोला । निर्णय लिएर पनि शंका गर्ने बानीले पछि परिनेछ । | कुम्भ | आफ्नो क्षेत्रमा प्रभुत्व जमाउँदै दाम, इनाम र प्रतिष्ठा कमाउने बेला छ । लगनशीलताले विभिन्न अवसर दिलाउनेछ । |
| कन्या | चिताएको काममा सोचेजस्तै सफलता मिल्नेछ । दाजुभाइमा आत्मीयता बढ्नेछ भने प्रेम र मित्रताको बन्धनसमेत कसिलो हुनेछ । | मीन | धर्ममा श्रद्धा र परोपकारमा मन जानेछ । गरेका कामबाट धेरैलाई फाइदा पुग्न सक्छ । आस मारेको काम बन्नाले उत्साह जाग्नेछ । |

# ‘समस्याको खाल्डो देख्ने होइन, प्राथमिकता दिने हो’



**◣युग संवाददाता**
**सुर्खेत, ४ भदौ ।**

कर्णाली प्रदेशका प्रमुख यज्ञराज जोशीले कर्णालीलाई समस्याको खाल्डोका रूपमा नभई विकास र समृद्धिको प्राथमिकतामा राख्नुपर्ने बताएका छन् । बिहीबार कर्णाली प्रदेश स्थापना दिवसका अवसरमा आयोजित समारोहलाई सम्बोधन गर्दै प्रदेश प्रमुख जोशीले कर्णालीलाई सधैँ समस्याग्रस्त क्षेत्रका रूपमा हेर्ने सोचमा परिवर्तन आवश्यक रहेको बताए ।

सोचमा परिवर्तन नआएसम्म कर्णालीको मानक माथि उठ्न नसक्ने उनको भनाइ थियो । ‘तेरो र मेरो’ भन्ने भावना त्यागेर कर्णालीको समृद्धिका लागि सबै एकजुट भएर अघि बढ्नुपर्ने उनले बताए । पर्याप्त सम्भावना हुँदाहुँदै पनि राज्यको हेपाहा प्रवृत्तिका कारण कर्णाली सधैँ पछाडि पर्नु विडम्बना भएको उनको भनाइ थियो ।

प्रदेश प्रमुख जोशीले कर्णालीमा पेट्रोलियम पदार्थ तथा प्राकृतिक ग्यासको सम्भावना पुष्टि भइसकेको उल्लेख गर्दै यसको उत्खननमा संघीय सरकारले गम्भीरतापूर्वक काम गर्नुपर्ने बताए । दैलेखमा देशलाई समृद्धिको बाटोमा लैजान सक्ने ग्यासको सम्भावना पुष्टि भइसके पनि त्यसको उत्खनन गर्नुको साटो ग्यासको लाइनमा बस्नुपर्ने अवस्था आउनु दुःखद भएको उनले बताए ।

‘कर्णालीमा ग्यास छ, पेट्रोल छ । दैलेखमा देशलाई समृद्धिको बाटोमा लैजाने ग्यास छ भन्ने पुष्टि भइसकेको छ,’ उनले भने, ‘तर हामी त्यसको उत्खनन गर्नुको साटो ग्यासको लाइनमा बसेका छौँ । यसको उत्खननमा राज्य गम्भीर बन्नुपर्छ ।’ उनले पछिल्ला दुई वर्षदेखि थप उत्खननका काम रोकिएको भन्दै तत्काल प्रक्रिया अघि बढाउन संघीय सरकार जिम्मेवार बन्नुपर्ने बताए ।

पछिल्लो समय देखिएको ग्यास अभावबाट पाठ सिकेर कर्णालीमा रहेका प्राकृतिक स्रोतको उपयोगमा राज्यले प्राथमिकता दिनुपर्ने उनको भनाइ थियो । कर्णालीलाई जहाँ पनि समस्याको खाल्डो देख्ने प्रवृत्ति र सोचको अन्त्य गर्नुपर्नेमा जोड दिँदै जोशीले प्रदेश सरकारले पनि कर्णालीको मानक माथि उठाउने स्पष्ट मार्ग तय गर्नुपर्ने बताए ।

प्राकृतिक स्रोत, सम्भावना र अवसरको सदुपयोग गर्दै कर्णालीलाई आत्मनिर्भर र समृद्ध बनाउने दिशामा सरकार र नागरिकबीच सहकार्य आवश्यक रहेको उनले बताए । त्यस्तै, कर्णाली प्रदेशका पूर्वमुख्यमन्त्री यामलाल कँडेलले नयाँ सरकारको कार्यशैलीप्रति व्यंग्य गर्दै ‘चुपचाप सरकार कहाँ छ ?’ भन्दै प्रश्न गरेका छन् । प्रदेश स्थापना दिवसका अवसरमा बोल्दै उनले सरकारको उपस्थिति, जेन-जी आन्दोलनमा सुरक्षा व्यवस्थापन र शासन सञ्चालनको शैलीप्रति प्रश्न उठाएका हुन् ।

कँडेलले अहिलेको अवस्थामा सरकारको उपस्थिति प्रभावकारी हुनुपर्नेमा चुपचाप बसेर मात्र नहुने बताए । समापन समारोहमा बोल्दै मुख्यमन्त्री मंगलबहादुर शाहीले कर्णालीका वास्तविक अवस्थालाई बदल्न प्रदेश सरकार प्रतिबद्ध रहेको बताए । कर्णालीको समृद्धि सबैको साझा प्रयासले मात्रै सम्भव रहेको र यसले संघीयता सबल हुने बताए ।

यसमा सबैको सहयोगको अपेक्षा गरेको मुख्यमन्त्री शाहीको भनाइ थियो । २३ भदौ २०७२ को मध्यरात प्रमुख चार राजनीतिक दलका शीर्षनेता सम्मिलित संविधानसभाको विशेष समितिले ६ प्रदेशको सीमाङ्कनसहित संघीयताको खाका सार्वजनिक गरेपछिको विवादले अन्ततः आन्दोलनको रूप लिएपछि कान्छो प्रदेशका रूपमा कर्णाली प्रदेश जन्मिएको थियो ।

प्रदेश प्राप्तिको आन्दोलनमा चार जनाले ज्यानसमेत गुमाएका थिए । आन्दोलन उत्कर्षमा पुगेपछि अन्ततः ४ भदौ २०७२ मा साविक कर्णाली अञ्चलसहित भेरी अञ्चलका सुर्खेत, दैलेख, जाजरकोट र राप्ती अञ्चलका सल्यान, रुकुमपश्चिम जिल्लालाई समेटेर कर्णाली प्रदेश स्थापना भएको थियो । प्रदेश प्राप्तिका लागि भएको आन्दोलनका क्रममा चार जनाले ज्यान गुमाएका थिए ।

# आमाको नागरिकतामा छोराको हस्ताक्षर

“

विद्यालयमा कार्यालय सहयोगीका रूपमा जीवन बिताएका बुबाले हुर्काएको छोरा अहिले जिल्लाको प्रशासनिक जिम्मेवारीमा पुगेपछि परिवारमा खुसी छाउनु स्वाभाविक हो ।



**◣युग संवाददाता**
**सुर्खेत, ४ भदौ ।**

रुकुम पश्चिमका सहायक प्रमुख जिल्ला अधिकारी (सहायक सिडिओ) केशवप्रसाद ओलीका लागि बुधबारको दिन अरू दिनभन्दा विशेष रह्यो । सरकारी जिम्मेवारी सम्हालिरहेका उनले आफ्नै आमाको नागरिकताको प्रतिलिपिमा हस्ताक्षर गरेर आमालाई बुझाउने अवसर पाए ।

आमाको नागरिकतामा आफ्नै हातले हस्ताक्षर गर्न पाउँदा उनी भावुक मात्र भएनन्, खुसी र गर्वले भरिए । केशवले उक्त क्षणको भिडियो सामाजिक सञ्जालमा सेयर गर्दै लेखेका छन्, ‘सधैँ नमिल्ने एक खुशीः आफ्नै आमाको नागरिकतामा यो छोराको आफ्नै हातले साइन गर्दा हात काप्यो, मन बहकायो । किनकि भारी खुसी र गर्व थियो ।’

यो भिडियो यति बेला सामाजिक सञ्जालमा निकै भाइरल बनिरहेको छ । उनको भिडियो धेरै सामाजिक सञ्जाल प्रयोगकर्ताले मन पराएका छन् । केशव यो क्षणका लागि संयोगका पात्र बने, जसले आफ्नी आमाको नागरिकतामा हस्ताक्षर गर्न पाउने अवसर विरलै मात्र प्राप्त गर्छन ।

रुकुम पश्चिमको त्रिवेणी गाउँपालिका-७ की मोतिकला ओलीको नागरिकता केही समयअघि पानी परेर च्यातिएको थियो । सरकारी कामकाजका लागि नागरिकता आवश्यक परेपछि उनी प्रतिलिपि लिन बुधबार जिल्ला प्रशासन कार्यालय पुगेकी थिइन् । त्यहाँ पुग्दा उनले कल्पना नगरेको खुसी पाइन् ।

नागरिकताको प्रतिलिपिका लागि आवश्यक प्रक्रिया पूरा गरेपछि मोतिकला सहायक सिडिओको कार्यकक्षमा पुगिन् । प्रतिलिपिमा हस्ताक्षर गर्ने सरकारी अधिकारी अरू कोही नभएर उनकै छोरा केशव थिए । सरकारी ओहोदामा बसेर आफ्नै आमाको नागरिकतामा हस्ताक्षर गरी उनलाई बुझाउन पाउँदा केशवको अनुहारमा खुसी र उमङ्गको रंग देखिन्थ्यो ।

केशवले आमालाई नागरिकता दिएको भिडियोले अहिले सामाजिक सञ्जालमा निकै चर्चा कमाएको छ । तर, यो कुनै प्रचार वा कन्टेन्ट बनाउन कैद गरिएको दृश्य भने होइन । सरकारी सेवामा रहेका एक छोराले आफ्नै जन्मदिने आमालाई नागरिकताको प्रतिलिपि हस्तान्तरणको क्षण अपवाद बाहेक सायदै विरलै भेटिन्छ ।

केशवको सरकारी सेवाको यात्रा पनि लोभलाग्दो र प्रेरणादायी छ । सुरुमा उनले चार्टर्ड एकाउन्टेन्ट (सीए) पढ्न थालेका थिए । करिब एक वर्षपछि त्यो पढाइ छाडेर व्यवस्थापन संकायमा स्नातक (बीबीएस) अध्ययन सुरु गरे । त्यसपछि लोकसेवा आयोगको तयारीमा जुटेका केशवले तीन महिनाको मेहनतमै २०७५ साल जेठमा खरिदारको रुपमा आफुलाई सरकारी सेवामा उभ्याए ।

उनको पहिलो नियुक्ति जिल्ला अदालत दाङमा भयो । खरिदारका रूपमा काम गर्दै उनले नायब सुब्बा पदमा पनि नाम निकाले र करिब पाँच वर्ष लेखापालका रूपमा काम गरे । निरन्तरको मेहनतपछि २०८० साल फागुनमा उनी शाखा अधिकृत बने । त्यसयता उनी आफ्नै गृह जिल्ला रुकुम पश्चिममा सहायक प्रमुख जिल्ला अधिकारीका रूपमा कार्यरत छन् । केशवको पारिवारिक पृष्ठभूमि पनि सामान्य छ । उनका बुबा विगत झण्डै ३० वर्षयता गाउँकै एक विद्यालयमा कार्यालय सहयोगीका रूपमा कार्यरत छन् । आमा गृहिणी हुन् ।

दुई दिदीबहिनीका एक्ला भाइ केशवले सामान्य पारिवारिक अवस्थाबाट सरकारी सेवाको उच्च जिम्मेवारीसम्मको यात्रा तय गरेका हुन् । विद्यालयमा कार्यालय सहयोगीका रूपमा जीवन बिताएका बुबाले हुर्काएको छोरा अहिले जिल्लाको प्रशासनिक जिम्मेवारीमा पुगेपछि परिवारमा खुसी छाउनु स्वाभाविक हो ।

त्यसमाथि आफ्नै आमाको नागरिकतामा सहायक सिडिओका रूपमा हस्ताक्षर गर्ने अवसरले केशवका लागि त्यो खुसी र सौभाग्यलाई झनै विशेष बनाएको छ । सरकारी सेवा नै रोज्नुको कारणबारे ओली भन्छन्, ‘सरकारी सेवा वास्तवमै राम्रो छ । यसबाट देश र नागरिकको प्रत्यक्ष सेवा गर्न पाइन्छ । राज्यबाट तलब लिएर पनि नागरिकको सेवा गर्न पाउनु हाम्रा लागि ठूलो गर्व र खुसीको कुरा हो ।’

केशवका शब्दमा आमाको नागरिकतामा हस्ताक्षर गरेर दिनुको त्यो क्षण एउटा प्रशासनिक प्रक्रिया मात्र थिएन, लामो संघर्षपछि पाएको जिम्मेवारी, आमाबुबाको योगदान र छोराले हासिल गरेको सफलता

# नेपालगञ्ज-पोखरा उडान पुनः सुरु हुँदै

**◣युग संवाददाता**
**नेपालगञ्ज, ४ भदौ ।**

लामो समयदेखि रोकिएको नेपालगञ्ज-पोखरा नियमित हवाई सेवा यही भदौको अन्तिम सातादेखि पुनः सञ्चालन हुने भएको छ । निजी क्षेत्रको सेवा प्रदायक बुद्ध एयरले यही भदौ ३१ गतेदेखि नेपालगञ्ज-पोखरा उडान पुनः सञ्चालन गर्न लागेको जनाएको छ ।

बुद्ध एयर नेपालगञ्जका प्रमुख विनीतविक्रम शाहले यात्रुको माग बढेकाले उडान पुनः सञ्चालन गर्ने निर्णय भएको जानकारी दिए । उनका अनुसार भारतको उत्तर प्रदेशलाई पोखरासँग सिधा जोड्ने यो उडानका लागि यात्रुको माग बढ्दै गएको छ । गत जेठ ५ गतेदेखि उडान स्थगित गरिएको थियो । भारतबाट आउने धार्मिक पर्यटकको सङ्ख्या घट्नु र इन्धन खर्च बढी भएकाले उडान रोकिएको शाहले बताए । पछिल्लो समय धार्मिक पर्यटकको सङ्ख्या बढ्नाका साथै उडानको माग बढेकाले सेवा पुनः सञ्चालन गर्न लागिएको उनले जानकारी दिए ।

तालिकाअनुसार आइतबार, बुधबार र शुक्रबार उडान हुनेछ । त्यसका लागि बुकिङ खुला गरिएको बुद्ध एयरले जनाएको छ । नेपालगञ्ज-पोखरा उडान पुनः सञ्चालन हुने भएपछि बाँकेका पर्यटन व्यवसायी उत्साहित भएका छन् । पर्यटन प्रवर्द्धन मञ्च बाँकेका अध्यक्ष कृष्णप्रसाद श्रेष्ठले पश्चिम नेपालसँगै भारतका नागरिकलाई पोखरासँग सिधा जोड्ने भएकाले यो उडान पर्यटन व्यवसायीका लागि महत्वपूर्ण रहेको बताए ।

उनका अनुसार हवाई सेवा सञ्चालन भएपछि पोखरालगायतका क्षेत्रबाट बागेश्वरी मन्दिर तथा भारतको अयोध्यासहितका धार्मिकस्थलमा पुग्न सहज हुनेछ । साथै बाँके, बर्दिया, दाङ, सुर्खेतलगायत पश्चिम नेपालका नागरिकलाई पोखरा तथा मुस्ताङ पुग्न पनि सहज हुने उनले बताए । स्थानीय पर्यटन व्यवसायीको लामो प्रयासपछि २०७८ साल साउन १७ गतेदेखि सातामा तीन दिन नेपालगञ्ज-पोखरा उडान सुरु गरिएको थियो ।

# बालश्रममुक्त स्थानीय तहका लागि तोकिएको जिम्मेवारी पूरा गर्न जोड

**◣युग संवाददाता**
**कैलाली, ४ भदौ ।**

सुदूरपश्चिम प्रदेशमा बालश्रम निवारणसम्बन्धी राष्ट्रिय गुरुयोजना तथा बालश्रममुक्त स्थानीय तह घोषणा कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा जोड दिइएको छ । अन्तरराष्ट्रिय श्रम सङ्गठन (आइएलओ) नेपालको सहकार्यमा युवा, श्रम तथा रोजगार मन्त्रालयले धनगढीमा आयोजना गरेको प्रदेशस्तरीय अन्तरक्रियामा राष्ट्रिय गुरुयोजना र कार्यक्रम कार्यान्वयनका लागि तीनै तहका सरकारले तोकिएको जिम्मेवारी पूरा गर्नुपर्नेमा जोड दिइएको हो ।

कार्यक्रममा ‘बालश्रममुक्त स्थानीय तह घोषणा कार्यविधि, २०७७’ ले तोकेका सूचकको कार्यान्वयन, तीन तहका सरकारको भूमिका तथा बालश्रममा संलग्न बालबालिकाको संरक्षण र पुनःस्थापनाका विषयमा छलफल गरिएको थियो ।

बालश्रम अन्त्य गर्न कानुनी दायित्वसँगै बालअधिकार र सामाजिक न्याय सुनिश्चित गर्न स्थानीय तहदेखि सङ्घीय सरकारसम्मको साझा प्रयास आवश्यक रहेको सहभागीले बताएका थिए । कार्यक्रममा मन्त्रालयका उपसचिव जितेन्द्रप्रसाद शर्माले ‘बालश्रममुक्त नेपालः नीतिगत तथा कानुनी व्यवस्था, स्थानीय तहको भूमिका र घोषणा कार्यविधि’ विषयमा प्रस्तुतीकरण गर्दै राष्ट्रिय गुरुयोजना (२०७५-२०८५) ले सन् २०२५ सम्म निकृष्ट, अमर्यादित र जोखिमपूर्ण बालश्रम पूर्णरूपमा उन्मूलन गर्ने तथा सन् २०२८ सम्म नेपाललाई सबै प्रकारका बालश्रमबाट मुक्त देश बनाउने लक्ष्य लिएको जानकारी दिए ।

उनले बालश्रम निवारणका लागि स्थानीय तहलाई मुख्य जिम्मेवार निकायका रूपमा प्रस्तुत गर्दै बालबालिकाको आधारभूत तथ्याङ्क सङ्कलन तथा अद्यावधिक, बालश्रमको सम्भावित क्षेत्र पहिचान, नीतिगत तथा बजेट व्यवस्था र नियमित अनुगमन गर्नुपर्नेमा जोड दिए । बालश्रममुक्त स्थानीय तह घोषणा गर्न विद्यालय जाने उमेरका बालबालिकाको कम्तीमा ९५ प्रतिशत भर्ना, विद्यालय छाड्ने दरमा कमी, बालअधिकार समिति तथा बालकल्याण अधिकारीको व्यवस्था र सरोकारवाला निकायबीच समन्वयलगायतका सूचक पूरा गर्नुपर्ने व्यवस्था छ ।

नेपाल श्रमशक्ति सर्वेक्षण २०१७/१८ अनुसार पाँचदेखि १७ वर्ष उमेर समूहका करिब ७० लाख बालबालिकामध्ये ११ लाख अर्थात् १५ दशमलव तीन प्रतिशत बालश्रममा संलग्न थिए । तीमध्ये ८७ प्रतिशत कृषि क्षेत्रमा संलग्न रहेको कार्यक्रममा जानकारी दिइयो । सुदूरपश्चिममा बालश्रमिकको सङ्ख्या एक लाख ७१ हजार रहेको र बालश्रमको दर करिब २० दशमलव आठ प्रतिशत रहेको बताइएको छ । कार्यक्रममा आइएलओका प्राविधिक प्रस्तुतीकरणमार्फत बालश्रमसम्बन्धी आइएलओ महासन्धिका प्रमुख प्रावधान कार्यान्वयन गर्नु श्रमदाता, सरकार र सबै सरोकारवालाको दायित्व रहेको बताइएको थियो ।

संयुक्त राष्ट्र सङ्घीय बालकोष (युनिसेफ) का रामप्रसाद गौतमले बालश्रमका घटना व्यवस्थापन गर्दा सूचना प्राप्ति तथा दर्ता, प्रारम्भिक तथा विस्तृत लेखाजोखा, संरक्षण सेवा तथा हेरचाह योजना, अनुगमन तथा समीक्षा र लक्ष्य पूरा भएपछि घटना समापन गरी पाँच चरणको प्रक्रिया अवलम्बन गर्नुपर्ने जानकारी दिए ।

# ताइवानी अम्बाले बदलेको सिर्जनाको दैनिकी



**◣युग संवाददाता**
**बाँके, ४ भदौ ।**

बाँकेको खजुरा गाउँपालिका-२ एल गाउँकी सिर्जना खत्री विष्टलाई चार वर्षअघि आफ्नो एक बिगाहा खेतमा ताइवानी अम्बा लगाउने निर्णय गर्दा भविष्यको आम्दानीबारे खासै अनुमान थिएन । धान र तोरी फलाउँदै आएको खेतमा सुरु गरिएको अम्बा खेतीले अहिले उनलाई परम्परागत खेतीभन्दा राम्रो आम्दानी दिन थालेको छ ।

“व्यावसायिक रूपमा गरेको अम्बा खेतीबाट एक ‘सिजन’मा करिब रु दुई लाख ५० हजारसम्म आम्दानी हुन्छ,” विष्टले भने । उनका अनुसार अम्बाको वर्षमा दुई सिजन उत्पादन हुन्छ । धान र तोरी खेती गर्दै आएको खेतमा व्यावसायिक अम्बा खेती सुरु गर्दा सुरुमा केही जोखिम लिएजस्तो लागे पनि अहिले आम्दानी राम्रो हुन थालेपछि उनी सन्तुष्ट हुन्छन ।

“अम्बा खेतीमा अरू खेतीको जस्तो धेरै मेहनत गर्नुपर्दैन । त्यसैले अन्न फल्ने खेतमा व्यावसायिक रूपमा अम्बा लगायौँ । अहिले आम्दानी पनि सोचेजस्तै हुन थालेको छ,” उनले भने । भारतबाट बिरुवा ल्याएर अम्बा खेती सुरु गर्नुभएकी विष्टको बगैँचामा अहिले मुख्य रूपमा ताइवानी प्रजातिका अम्बा छन् । केही स्थानीय जातका बिरुवा पनि लगाइएको छ । उत्पादन भएको अम्बालाई किरा र चराचुरुङ्गीबाट जोगाउन उनले फलमा प्लास्टिकको प्याकिङ गर्ने प्रविधि अपनाएका छन् ।

## रत्न...

अनुसन्धान भइरहेको छ,’ उनले भने, ‘अनुसन्धानबाट प्राप्त तथ्यका आधारमा कानुनी प्रक्रिया अघि बढाइनेछ ।’

प्रहरी निरीक्षक शाहीका अनुसार लागुऔषध तथा मादक पदार्थ सेवन गरेर सवारी चलाउँदा सडक दुर्घटनाको जोखिम उच्च हुने गरेको छ । उनले लागुऔषध सेवन गरी सवारी चलाउने प्रवृत्ति सडक सुरक्षाका लागि गम्भीर चुनौती भएको बताए । ‘लागुऔषध र मादक पदार्थ सेवन गरेर सवारी चलाउनु सडक सुरक्षाका लागि गम्भीर चुनौती हो,’ उनले भने, ‘दुर्घटना न्यूनीकरणका लागि ट्राफिक प्रहरीले यस्ता परीक्षण अभियानलाई निरन्तरता दिइरहेको छ ।’

प्रहरीका अनुसार रत्न राजमार्गमा सञ्चालन हुने सवारीसाधनका चालक तथा यात्रुलाई लक्षित गरी आगामी दिनमा पनि लागुऔषध परीक्षणसँगै सडक सुरक्षा र लागुऔषध नियन्त्रणसम्बन्धी सचेतनामूलक अभियान सञ्चालन गरिनेछ ।

## तीला...

लक्ष्य राखिएको छ । सञ्चालनमा आएपश्चात सुख्खायाममा दैनिक ६ घण्टा पिकिङ्ग क्षमतामा सञ्चालन हुने यस आयोजनाबाट कुल वार्षिक २३१८.७९ गिगावाट आवर विद्युत उत्पादन हुने र सो मध्ये सुख्खायामको पिक समयमा ४५१.०५ गिगावाट आवर विद्युत उत्पादन हुनेछ ।

त्यस्तै, अफ पिक समयमा २०५.४५ गिगावाट आवर र वर्षायाममा १६६२.२९ गिगावाट आवर विद्युत उत्पादन भई राष्ट्रिय प्रसारण प्रणालीमा जोडिनेछ । लगानी सम्झौता सम्पन्न भएसँगै आयोजनाको वित्तीय व्यवस्थापनको महत्वपूर्ण चरण पूरा भएको प्रवर्द्धक कम्पनीले जनाएको छ ।

उच्च माग हुने समयमा विद्युत उत्पादन गर्न सक्ने प्रकृतिको यस आयोजनाले राष्ट्रिय विद्युत प्रणालीको आपूर्तिमा थप योगदान पुऱ्याउने विश्वास गरिएको छ । तीला-२ को मुख्य प्रवर्द्धकमा ड्रीम इन्भेष्टमेन्ट, ऊर्जा इम्प्याक्ट फण्ड, रोबिन्स युएसए लगायत विभिन्न संस्थागत तथा व्यक्तिगत

# धौवादी फलाम खानीबाट नौ करोड ६० लाख धाउ उत्खननको योजना



**◣युग संवाददाता**
**काठमाडौँ, ४ भदौ ।**

धौवादी फलाम कम्पनी लिमिटेडले नवलपरासीको हुप्सेकोट गाउँपालिका-५, धौवादीमा रहेको फलाम खानी उत्खननसम्बन्धी योजना तयार गरेको छ । कम्पनीले करिब ४१ वर्ग किलोमिटर क्षेत्रमा फैलिएको फलाम खानीबाट नौ करोड ६० लाख धाउँ फलाम उत्खनन गर्न सकिने योजनासहितको प्रतिवेदन खानी तथा भू-गर्भ विभागमा बुझाएको हो ।

खानी क्षेत्रलाई धौवादी पोखरी ब्लक र दुर्लुङ ब्लक गरी दुई भागमा विभाजन गरिएको छ । धौवादी पोखरी ब्लक २५ वर्ग किलोमिटर तथा दुर्लुङ ब्लक १६ वर्ग किलोमिटर क्षेत्रमा फैलिएको छ । उक्त योजना स्वीकृत भएपछि कम्पनीले फलामको भण्डारसम्बन्धी थप अनुसन्धान तथा उत्खननकार्य अघि बढाउने जनाएको छ ।

नेपालमा फलामको व्यावसायिक उत्पादन गर्ने उद्देश्यले धौवादी फलाम कम्पनी लिमिटेड स्थापना गरिएको हो । कम्पनीका निर्देशक शैलेशकुमार थापाले जमिनमुनिको फलामको नमुना परीक्षणका लागि विभिन्न १२ स्थानमा गरी एक हजार ५०० मिटर ड्रिलिङकार्य सम्पन्न गरिएको जानकारी दिए ।

हाल वातावरणीय प्रभाव मूल्याङ्कनको काम भइरहेको र विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) तयार गर्ने कामसमेत छिट्टै सुरु गरिने कम्पनीले जनाएको छ । खानी सञ्चालनमा आएपछि उत्पादित फलामजन्य वस्तुले मुलुकको समग्र मागको करिब २५ प्रतिशत आयात प्रतिस्थापन गर्न सक्ने अपेक्षा गरिएको निर्देशक थापाले बताए । खानी सञ्चालनबाट ठूलो सङ्ख्यामा रोजगारी सिर्जना भई राष्ट्रिय अर्थतन्त्रमा योगदान पुग्ने उनको विश्वास छ ।

# मोबाइलबाटै ओपिडी टिकट, लाइन बस्नुपर्ने बाध्यताको अन्त्य

**युग संवाददाता**
**दाङ, ४ भदौ ।**

राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान, घोराहीमा उपचारका लागि आउने बिरामीले अब मोबाइलबाटै 'ओपिडी' टिकट लिन सक्ने भएका छन् । सूचना प्रविधिको प्रयोग गर्दै प्रतिष्ठानले अनलाइन ओपिडी टिकट सेवा सुरु गरेको हो ।



प्रतिष्ठानका सूचना अधिकारी निशान भट्टराईका अनुसार बिरामीले 'राप्ती एकेडेमी हेल्थ' वा 'मेरो डाक्टर' एप डाउनलोड गरी मोबाइल नम्बर र पासवर्डमार्फत 'लगइन' गर्न सक्नेछन् । एपमा प्राप्त हुने ओटिपी कोड राखेर सेवा प्रयोग गर्न सकिने व्यवस्था गरिएको छ । यो सेवा विहिबारदेखि सञ्चालनमा ल्याइएको हो ।

प्रतिष्ठानका उपकुलपति प्राडा अजयकुमार मिश्रले सरकारको सुशासन अभियानलाई साथ दिँदै सूचना प्रविधिको युगलाई व्यवहारमै लागू गरी बिरामीमैत्री सेवा प्रवाह गर्नु प्रतिष्ठानको प्रमुख उद्देश्य रहेको बताए । उनले बिरामीको सहजता, समय बचत तथा सेवा प्रवाहलाई थप व्यवस्थित बनाउन अनलाइनमार्फत ओपिडी टिकट लिन सकिने व्यवस्था सुरु गरिएको जानकारी दिए । अनलाइन प्रणालीमार्फत बिरामीले नियमित ओपिडी छनोट गरी आफूले उपचार गराउने सेवा, चिकित्सक तथा उपलब्ध समय छनोट गर्न सक्नेछन् ।

नयाँ बिरामीले आवश्यक विवरण भर्नुपर्नेछ भने पुराना बिरामीले आफ्नो कार्ड तथा विवरणअनुसार सेवा लिनसक्ने व्यवस्था गरिएको छ । मोबाइल नम्बर र एप प्रयोग गरी बिरामीले आफ्नो विवरण सुरक्षित रूपमा प्रविष्ट गरेर आवश्यक सेवा तथा समय छनोट गरी ओपिडी टिकट लिन सक्नेछन् ।

अस्पतालमा टिकट काट्न लामो समयसम्म लाइनमा बस्नुपर्ने बाध्यता कम हुने प्रतिष्ठानका अस्पताल निर्देशक सहप्राध्यापक डा सुरेश रसाइलीले बताए ।

प्रतिष्ठानले डिजिटल प्रविधिको प्रयोगमार्फत स्वास्थ्य सेवा थप सहज, छिटो, सुरक्षित र विश्वसनीय बनाउने उद्देश्यले अनलाइन ओपिडी टिकटको व्यवस्था गरेको उनले जानकारी दिए । घरमै बसेर ओपिडी टिकट लिन सकिने भएपछि बिरामीको समय बचत हुनुका साथै अस्पतालमा हुने भीड व्यवस्थापनमा सहयोग पुग्ने प्रतिष्ठानले जनाएको छ ।

# भारतीय सागसब्जीमा कडाइ, बाँकेका किसानका उत्पादनले पायो बजार

**युग संवाददाता**
**बाँके, ४ भदौ ।**

बजार मूल्य राम्रो पाउन थालेपछि बाँकेका किसान व्यावसायिक सागसब्जी खेतीतर्फ आकर्षित भएका छन् । विगतमा निर्वाहमुखी खेती गर्दै आएका किसानसमेत अहिले व्यावसायिक रूपमा सागसब्जी खेती गर्न अग्रसर भएको कृषि ज्ञान केन्द्र बाँकेका निमित्त प्रमुख वरिष्ठ कृषि प्रसार अधिकृत सुजिता शर्माले जानकारी दिए ।

उनका अनुसार अहिले बाँकेमा छ हजार ३५२ हेक्टर जमिनमा वार्षिक करिब १३ मेट्रिकटन सागसब्जी उत्पादन हुने गरेको छ । कृषि ज्ञान केन्द्रले महिला तथा बालबालिका पोषण सुधार कार्यक्रमअन्तर्गत एक हजार ३५० किसानलाई लौका, फर्सी, करेलालगायत हिउँदे सागसब्जी बालीका बीउ वितरण गरेको छ ।

भारतबाट आयात हुने सागसब्जीमा भन्सारमा कडाइ गरिएपछि बाँकेका किसानले उत्पादन गरेको सागसब्जी खेतबारीबाटै राम्रो मूल्यमा बिक्री हुन थालेको छ । पछिल्लो समय नगदे बालीका रूपमा सागसब्जी खेतीतर्फ किसानको आकर्षण बढ्दै गएको शर्माले बताए ।



बाँकेको डुडुवा गाउँपालिका-६ हिरमिनिया, नेपालगञ्ज उपमहानगरपालिका-१४ भवानीयापुर, १७ परसपुर, १९ बसुदेवपुर, २१ पुरैनी र २२ पुरैनाका विभिन्न गाउँमा किसानले व्यावसायिक तरकारी खेती गर्दै आएका छन् ।

गाउँका धेरै किसानले अहिले सागसब्जी खेती गर्न थालेको नेपालगञ्ज-१९ का अगुवा किसान गोपी यादवले बताए । "पहिले सागसब्जी बिक्री गर्न टाढाटाढा पुग्नुपर्थ्यो, अहिले खेतबारीबाटै राम्रो मूल्यमा बिक्री हुन थालेपछि गाउँमा सागसब्जी खेती गर्ने किसान बढ्दै गएका छन्", उनले भने ।

भारतबाट आयात हुने सस्तो सागसब्जीसँग प्रतिस्पर्धा गर्न नसकेका स्थानीय किसानले अहिले उत्पादनको राम्रो मूल्य पाउन थालेका छन् । भारतबाट आउने सागसब्जीको भन्सारमा कडाइ गरिएपछि बाँकेका किसानले उत्पादन गरेको उत्पादनले बजार पाएको नेपालगञ्जस्थित रानीतलाउ कृषि उपज बजार सञ्चालक समितिका अध्यक्ष मोतिसरा थापा क्षेत्रीले बताए ।

उनका अनुसार नेपालगञ्जको रानीतलाउ बजारमा अहिले बाँकेमै उत्पादन भएको सागसब्जी आउने गरेको छ । भारतबाट बिक्रीका लागि ल्याइने सागसब्जी भन्सार गर्नुपर्ने प्रावधानका कारण स्वदेशी कृषिउपजले बजार पाएको हो । भारतबाट भन्सार तिरेर कृषि उपज ल्याउँदा महँगो पर्ने भएकाले व्यवसायीले आयात घटाएका छन् ।

यतिबेला नेपालगञ्जको बजार बाँकेका किसानले व्यावसायिक रूपमा उत्पादन गरेका फूलगोभी, बन्दागोभी, लौका, फर्सी, काँक्रा, बोडी, गोलभेडा, खुर्सानीलगायत कृषि उपजले धानेको छ । आयात घटेपछि आफूहरूले उत्पादन गरेको सागसब्जीले राम्रो मूल्य पाएको नेपालगञ्ज उपमहानगरपालिका-२१ पुरैना गाउँका किसान जलालुद्दीन बागवानले बताए । विगतमा मण्डीमा लैजाँदासमेत सस्तो मूल्यमा बिक्री गर्नुपर्ने अवस्था रहे पनि अहिले बारीबाटै राम्रो मूल्यमा बिक्री भइरहेको उनले बताए ।

## आलमगीर...

सन् १९७१ मा बङ्गलादेश स्वतन्त्र हुने दिशाको महत्त्वपूर्ण आधार बनेको थियो । अर्थशास्त्र अध्यापनपछि उनी सरकारी सेवामा प्रवेश गरे । त्यसपछि कृषि, उड्डयन तथा पर्यटनमन्त्रीलगायत विभिन्न जिम्मेवारी सम्हाल्दै सक्रिय राजनीतिमा प्रवेश गरे ।

हसिनाको लामो शासनकालमा उहाँ प्रमुख विपक्षी नेताका रूपमा स्थापित भएका थिए । त्यतिबेला बिएनपी अध्यक्ष खालिदा जिया जेलमा हुनुहुन्थ्यो भने उनका छोरा तारिक रहमान निर्वासनमा थिए । राजनीतिक प्रतिशोधबाट प्रेरित आरोप भन्दै आलमगीरलाई हसिना सरकारका पालामा पटकपटक पक्राउ गरिएको थियो ।

## उद्योग खारेजीको सूचना

उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय, सुर्खेत (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म श्री डिला विश्वकर्मा धनी रहेको, दर्ता नम्बर १०२७९/०७९/०८० बाट वीन.न.पा.-११, सुर्खेतमा सञ्चालन हुने गरी दर्ता श्रेष्ता कायम रहेको श्री वि.एस. खाजा घर नामको प्राइभेट/साझेदारी उद्योग मेरो/हाम्रो घरायसी आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो ३५ (पैतिस) दिने सूचना प्रकाशन गरिएको छ । यस उद्योगसँग कोही कसैको कुनै प्रकारको दायित्व बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय, सुर्खेत समक्ष लिखित रुपमा दाबी पेश गर्नुहुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली, २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ ।

**इलेक्ट्रिक चुरोट (भेप) को प्रयोग नगरौं**

- इलेक्ट्रिक चुरोट सुरक्षित विकल्प हो भन्ने भ्रमबाट बचौं,
- निकोटिनयुक्त पदार्थले स्वास्थ्यमा पार्ने असरबारे सचेत बनौं,
- बालबालिका तथा युवालाई इलेक्ट्रिक चुरोटको आकर्षणबाट जोगाऔं,
- धूम्रपान तथा निकोटिनजन्य पदार्थको प्रयोगबाट टाढा रहौं,
- इलेक्ट्रिक चुरोटको प्रयोग र लतबाट बचौं,
- परिवार र समाजमा धूम्रपानमुक्त वातावरण निर्माण गरौं ।

**स्वस्थ जीवनशैली र सकारात्मक बानीको विकास गरौं ।**

नेपाल सरकार
**विज्ञापन बोर्ड**

**९० दिनमै अंग्रेजी भाषा बोल्न र लेख्न ग्यारेन्टीका साथै कम्प्यूटर**

**हाम्रा विशेषताहरू**

- अंग्रेजी भाषा सिकेपछि अंग्रेजी विषयमा 99% मद्दत गर्ने, कक्षा ६ देखि डिग्री (Degree) सम्मको अंग्रेजी ट्युशन लिन नपर्ने साथै Grammar मा पूर्णरुपमा सहयोग गर्ने र सम्पूर्ण Free Writing मा सहयोग गर्ने ।
- विद्यार्थीको क्षमताको आधारमा कक्षा सञ्चालन हुने, पहिलो दिन मात्र नेपाली बोल्न पाइने दोस्रो दिनबाट अंग्रेजी बोल्न सिकाइने र साधारण बोल्न र लेख्न ८ दिनमै सकिने ।
- प्रत्येक दिन २ जनाको बीचमा १ घण्टा लेख्ने र १ घण्टा बोल्ने व्यवस्था गरिने ।
- हप्तामा १ पटक परिक्षा हुने र 90 दिनसम्म विद्यार्थी असफल भएमा नि:शुल्क सिकाइने ।
- Audio and Video class and Projector को व्यबस्था भएको साथै विदेशीसँग कुराकानीको व्यबस्था मिलाइने ।
- Basic, Advance and Diploma पास भइसकेपछि Boarding School, INGO, NGO र अन्य अफिस मा जागिर पाउन सजिलो ।
- अंग्रेजी भाषा सिकेपछि मेजर अंग्रेजी (Major English) र विज्ञान विषयलाइ सहयोग गर्ने ।
- अंग्रेजी भाषा सिकाउने शिक्षक २०६१ सालबाट पढाएको अनुभव प्राप्त साथै आफ्नै किताबबाट सिकाइने र सी.सी. क्यामराबाट निगरानी गरिने ।
- साथै कम्प्यूटरका सबै कक्षाहरु बत्ती नभएको बेला पनि सञ्चालन भइरहेका छन ।

**इन्टरनेशनल इंग्लिश लैंग्विज एण्ड कम्प्यूटर इन्ष्टिच्यूट**

लक्ष्मीहल अगाडि वीरेन्द्रनगर-६, सुर्खेत । मो: नं ९८४८०७६८५६ (डी.बी. राना)

**सामेल एग्रिकल्चर प्रा.लि.**
वीरेन्द्रनगर-१२, एरपोटको पश्चिम पट्टि, सुर्खेत

हामी कहाँ विभिन्न किसिमका प्लाष्टिक टनेल, नेचुरल भेन्टिलेट, सेमी हाईटेक, हाईटेक तथा नर्सरीका सामग्रीहरु, कृषि औजार, अर्गानिक मल, कृषिका विविध सेवा परामर्श, टनेल निर्माणका लागि हामीलाई सम्झनुहोस् ।



budhakarna287@gmail.com
थप जानकारीका लागि : ९८५८०७१९०२

पश्चिम नेपालकै सबै भन्दा ठूलो २८X४० साईजको मेसिनबाट छपाई

**RARA Printing Pvt.Ltd.**
**रारा प्रिन्टीङ्ग प्रा.लि.**

Kohalpur-11, NTV Road, Banke (कोहलपुर न.पा.-११, NTV रोड, बाँके)




Book & Copy Printing


Packaging Box Printing


Wedding Card Printing


Stamp


Fiber Bag Printing

हाम्रो यहाँ छपाई सम्बन्धी सम्पूर्ण काम गरिन्छ ।

सम्पर्क नं.
९८५८०६०६१५/९८५१४००४२३/९८५१३२९१३९

युगआह्वान दैनिकका लागि प्रकाशक/सम्पादक: दीपककुमार बुढा क्षेत्री, कार्यकारी सम्पादक: ओम बहादुर शाही, प्रधान कार्यालय: वीरेन्द्रनगर, सुर्खेत, कर्पोरेट: कोहलपुर न.पा.-११, एन.टि.भि. रोड, नेपालगञ्ज, बाँके
शाखा कार्यालय: सम्भूमार्ग एयरपोट, काठमाण्डौं, लमही-देउखोरी, दाङ, अतरिया-धनगढी, कैलाली फोन: ०८३-५२१६२७/९८५८०५२८१०, ९८५८०५५६२७,९८५८०५५६२८ मुद्रण: रारा प्रिन्टीङ्ग प्रा.लि., कोहलपुर, भवानी छापाखाना, सुर्खेत।